मिति : २०७७ वैशाख ३

**मुख्यमन्त्री माननीय श्री शेरधन राईज्यू**
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं १ विराटनगर

**<u>विषय : प्रतिवेदन पेश गरेको सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा संसारभर फैलिएको कोरोना भाइरस (COVID 19) को कारण नेपाल पनि अछुतो रहन सकेन । नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि देशभरी नै लकडाउनको घोषणा गर्नु अघि नै धरान उपमहानगरपालिकाले २०७६ चैत्र १० देखि नै लकडाउन घोषणा गरी लागु गरेको र हाल नेपाल सरकार मन्त्री परिषद्को मिति २०७७ वैशाख २ गतेको वैठकको निर्णय अनुसार लकडाउनको अवधि २०७७ वैशाख १५ गत्तेसम्म बढाउने निर्णय समेत गरेको छ ।

विश्वलाई नै आतंकीत बनाउने गरी COVID 19 पोजेटिभ विरामीको संख्या दिनानुदिन वढि रहेको र यस क्रमबाट नेपाल समेत अछुतो रहन नसकेको माननीय मुख्यमन्त्रीज्यूमा अवगत नै छ। यस प्रदेशबाट नजिकै रहेको छिमेकी मित्रराष्ट्र भारतसंग लामो खुला वोर्डर रहेको र दुवै देशबीचका जनतावीच रहेको पारिवारिक सम्बन्धको कारणले आवत जावतमा सहज र सुगमता रहेको कारणबाट पनि यो प्रदेश पनि COVID 19 को उच्च जोखिममा रहेको सहज अनुमान लगाउन सकिन्छ ।

दक्षिण एशियामा नै स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने क्षमता भएको वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा रहेको र प्रदेश नं १ र प्रदेश नं २ का विरामीहरु उपचारकोलागि यसै अस्पतालमा ल्याईने भएको हुँदा धरान उपमहानगरपालिकाका कोरोना संक्रमणको उच्च जोखिममा रहेको हुँदा प्रदेश सरकारले समेत धरान उपमहानगरपालिकालाई विशेष क्षेत्रको रुपमा हेरी विशेष स्वास्थ्य सामाग्री, औषाधी तथा उपकरण, स्यानीटाईजेशन, राहत सामाग्रीको व्यवस्था, खाद्ध सामाग्रीको आपूर्ती र वितरणको व्यवस्था, ईन्धन आपूर्तीको व्यवस्था, सुरक्षा व्यवस्था आदिमा विशेष ध्यान पुर्याउन हार्दिक आग्रह गर्दछौ ।

धरान उपमहानगरपालिका COVID 19 रोकथाम, नियन्त्रण, उपचार तथा राहतको लागि शुरुका दिन देखिनै निरन्तर रुपमा लागि रहेको छ। यस अवधिमा धरान उपमहानगरपालिकाले सम्पादन गरेका कार्यहरुलाई समेटेर तयार पारिएको प्रतिवेदन यसै पत्रसाथ संलग्न राखि पेश गरेको छु ।

....................................

तिलक राई
नगर प्रमुख
धरान उपमहानगरपालिका

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोरोना रोकथाम, नियन्त्रण, उपचार तथा राहत सम्बन्धी
प्रतिवेदन, २०७७

पृष्ठमूभी :

विश्व स्वास्थ्य संगठन (World Health Organization-WHO) ले कोरोना भाईरस COVID 19 को संक्रमणलाई विश्वव्यापी महामारी (Pandemic) घोषणा गरे लगतै धरान उपमहानगरपालिका पनि यस प्रति सचेत भई कोरोना रोकथाम, नियन्त्रण र उपचारको लागि विभिन्न सचेतना र व्यवस्थापनका कार्यहरु गर्न शुरु गरी सकेको र नेपाल सरकारले लकडाउन घोषणा गरेपछि राहत समेतको लागि तपिसल बमोजिमका कृयाकलापहरु आयोजना तथा सञ्चालन गरेको छ ।

१. कोरोना भाइरस संक्रमण निगरानी तथा सतर्कता अपनाउने सम्बन्धमा धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई मिति २०७६।१०।२८ मा पत्राचार गरी जानकारी गराईएको ।

२. धरान उपमहानगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत श्री गणेशप्रसाद खतिवडाको संयोजकत्वमा BPKIHS प्रतिनिधि, केन्द्रिय प्रविधि क्याम्पसको माईक्रो बाईलोजी विभागका प्रतिनिधि र धरान उपमहानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख सदस्य सचिव रहने गरी समिति वनाई मिति २०७६।११।।२६ गते कोरोना कोरोना भाइरस COVID 19 सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको ।

३. धरान उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख तथा महाशाखा प्रमुख र वी पी कोइराला स्वास्थ्य विज्ञान अस्पताल निर्देशक सहित अन्य डाक्टरहरुसंग कोरोना भाइरस COVID 19 सचेतना तथा पूर्वतयारीको लागि मिति २०७६।१२।१ वी पी को स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका डाक्टरसंग समन्वय गरी वैठक वसि छलफल गरिएको ।

४. मिति २०७६।१२।५ र ६ गते ह्याण्ड स्यानिटाईजर तयार गर्ने सम्बन्धी २० वटै वडाका १०।१० जनालाई प्रशिक्षक प्रशिक्षण दिईएको ।

५. ह्याण्ड स्यानीटाईजरको अभावलाई व्यवस्थापन गर्न धरान उपमहानगरपालिकाले वी पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, केन्द्रिय प्रविधि क्याम्पस हात्तिसारका प्राध्यापक, विद्यार्थीसंग सहकार्य गरी २०० लिटर अल्कोहल ह्याण्ड स्यानिटाईजरको उत्पादन गरिएको र धरानका २० वटै वडाहरुमा उत्पादित ह्याण्ड स्यानिटर वितरण गरिएको ।

६. कोरोना भाइरस COVID 19 सम्बन्धी सचेतनामूलक सन्देश तथा पर्चा निर्माण गरि संचार माध्यमबाट संप्रेषण तथा वितरण गरीएको। नगरमा माईकिङ गरी नगरवासीलाई कोरोना भाइरस COVID 19 बाट जोगिने उपायका वारेमा समेत सुसूचित गरिएको ।

७. नेपाल सरकारले लकडाउन घोषणा गर्नु पूर्व चैत्र ५ गतेदेखि ११ गतेसम्म धरानका विभिन्न १३ वटा मुख्य चोक तथा स्थानहरुमा साबुन पानी, ह्याण्ड स्यानीटाईजर, पर्चा सहित स्वास्थ्यकर्मीको व्यवस्थापन गरी हेल्प डेस्क स्थापना नगरवासीलाई परामर्श (Counseling) सेवा प्रदान गरिएको।मास्क, ग्लोभ्स् आदि वितरण समेत गरियो ।

८. मिति २०७६।१२।८ गते कोरोना भाइरस (COVID 19) का विरामी, संकास्पद विरामि तथा आइसोलेशन र क्वारिन्टाइनबाट अस्पतालसम्म आवत जावत गर्न धरान उपमहानगरपालिकाको खर्चमा २ वटा एम्बुलेन्स, वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको १ वटा एम्बुलेन्स र नेपाल रेडक्रस सोसाईटी सुनसरी शाखा, धरानको १ वटा एम्बुलेन्सको व्यवस्था गरी चौविसै घण्टा तम्तयारीको अवस्थामा राखिएको छ ।

९. मिति २०७६।१२।८ गते देखि कोरोना भाइरस (COVID 19) सम्बन्धी सचेतनामूलक सन्देश धरान स्थित सवै एफ एम तथा रेडियो तथा अनलाईन मिडियाबाट प्रशारण गरी व्यापक प्रचार गरी रहेको छ।

१०. मिति २०७६।१२।१० गते देखि कोरोना भाइरस (COVID 19) सम्बन्धी सचेतनामूलक सन्देशलाई अझ प्रभावकारी बनाउन नगर भरी माईकिङ गर्ने व्यवस्था गरी कार्यान्वयन गरिएको छ ।

११. वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा आईसोलेशन एरिया तोकेको छ।

१२. आईसोलेशनमा अत्यावश्यक स्वास्थ्य सामाग्रीको अभाव हुन नदिन विभिन्न निकायहरुसंग समन्वय गरिएको छ ।

१३. मिति २०७६।१२।१ देखि वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट क्यारिन्टिनमा रहेका तथा अन्य शंकास्पद र विदेशबाट आएका विरामीहरुको Rapid Diagnostic Test Kit बाट कोरोना भाइरस (COVID 19) को परीक्षण शुरुवात गरिएको।

१४. धरान उपमहानगरपालिकाले धरान १३ मा रहेको सैनिक आवाशिय महाविद्यालयमा ८० वेड र संघिय इकाई प्रहरी कार्यालयमा १० वेड भएको आवश्यक सामाग्री समेतको व्यवस्थापन गरी स्वास्थ्य कर्मी सहित परिचालन गरी ९० वेड क्वारिन्टाईनको व्यवस्था गरेको। सैनिक आवाशिय महाविद्यालयमा १० वेड थप क्वारिन्टाईनको लागि सामाग्रीको व्यवस्था गरी सञ्चालनमा ल्याउन सकिनेछ भने थप क्वारीन्टाईनको लागि पहल भई रहेकोछ।

१५. प्रदेश नं १ कै स्वास्थ्य केन्द्रको रुपमा रहेको वी पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आईसोलेशन वार्डको स्थापना गरिएको छ।

१६. विदेशबाट धरान आई वसोवास गरेका मानीस (भारतबाट समेत) को वडाबाट ११२ जनाको तथ्यांक संककलन गरीएको । तिनीहरुको BPKIHS मा लगि स्वास्थ्य परिक्षण गराईएको ।

१७. बजारमा कृतिम अभाव र कालोवजारी रोकथामको लागि सरोकारवालाहरुसंग छलफल गरी समन्वय र अनुगमनको कार्य गरेको ।

१८. सिकिस्त विरामिहरुलाई एम्वुलेन्स सेवा सहज व्यवस्थाको लागि एम्वुलेन्स सञ्चालकहरुसंग समन्वय गरी सेवालाई चुस्त र प्रभावकारी वनाउने प्रयास गरीएको छ।

१९. लकडाउनलाई प्रभावकारी वनाई कोरोना भाइरस (COVID 19) को संक्रमणबाट उपमहानगरवासीहरुलाई जोगाउने उद्देश्यले सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन ईलाका प्रहरी कार्यालय धरान र शसस्त्र प्रहरी गण धरानलाई धरान उपमहानगरपालिकाले इन्धन सुविधा सहित एउटा एउटा सवारी साधन उपलब्ध गराईएको छ।

२०. धरान उपमहानगरपालिकामा लकडाउनलाई प्रभावकारी बनाउन तथा भैपरि आएको समयमा आवश्यक सहयोग गर्न परिचालन गर्ने गरी धरान स्थित राजनितिक दलका भातृ संगठनमा आवद्ध ८० जना युवाहरुलाई अभिमुखिकरण गरीएको छ।

२१. धरान उपमहानगरपालिकाले कोरोना भाइरस (COVID 19) को विश्वव्यापी महामारीलाई प्रभावकारी सामना गर्ने सम्बन्धमा नगरमा क्रियाशिल राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, सुनसरी उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटी सुनसरी शाखा, जेसीज, लाइन्स क्लवहरु, पूर्व नगरप्रमुख, नागरीक समाजका प्रतिनिधि, संचारकर्मी लगायत विभिन्न संघसंस्थाहरु प्रमुख तथा प्रतिनिधिहरु समेतको उपस्थितिमा धरान उपमहानगरपालिकाले सर्वदलिय, सर्वपक्षिय वैठकको आयोजना गरी तपसिल बमोजिमको नगर स्तरीय कोरोना राहत परिचालन समिति र कोरोना Information and Help Desk गठन गरीएको छ।

## नगर स्तरीय कोरोना राहत परिचालन समिति

| | | |
|---|---|---|
| १. | संयोजक | - श्री तिलक राई, नगर प्रमुख, धरान पमहानगरपालिका |
| २. | सहसंयोजक | - श्री मञ्जु भण्डारी सुवेदी, उपप्रमुख, धरान उपमहानगरपालिका |
| ३. | सदस्य | - श्री चन्द्रबहादुर कार्की, प्रमुख, ईलाका प्रशासन कार्यालय धरान |
| ४. | सदस्य | - श्री मनोजकुमार मेन्याङ्गवो, पूर्व नगरप्रमुख, धरान उपमहानगरपालिका |
| ५. | सदस्य | - श्री गौरीशंकर अग्रवाल, नागरीक समाज |
| ६. | सदस्य | - श्री गिरीधारी सापकोटा, अध्यक्ष, सुनसरी उद्योग वाणिज्य संघ |
| ७. | सदस्य | - श्री उमेश थापा, सभापती नेपाल रेडक्रस सोसाईटी सुनसरी |
| ८. | सदस्य | - श्री सन्तोष काफ्ले, उपसभापती, नेपाल पत्रकार महासंघ सुनसरी |
| ९. | सदस्य- सचिव | - श्री विदुरप्रसाद खनाल, प्रमुख प्रशासकीय अधिकृत, धरान उपमहानगरपालिका |

## कोरोना सूचना तथा सहायता कक्ष

१. संयोजक - श्री खगेन्द्रप्रसाद खतिवडा, राजस्व, पर्यटन तथा सूचना महाशाखा
२. सदस्य - श्री भेषराज घिमिरे, वातावरण तथा अत्यावश्यक सेवा महाशाखा
३. सदस्य - श्री उमेश मेहता, स्वास्थ्य महाशाखा'
४. सदस्य - श्री रामवावु यादव, स्वास्थ्य महाशाखा
५. सदस्य - श्री प्रदिव वस्ने, राजस्व, पर्यटन तथा सूचना महाशाखा
६. सदस्य - श्री ध्रुव अधिकारी, राजस्व, पर्यटन तथा सूचना महाशाखा
७. सदस्य - श्री राजेशमान श्रेष्ठ, स्वकीय सचिव (नगर प्रमुख)
८. सदस्य - श्री उमेश राई, नगर प्रमुखज्यूको सचिवालय
९. सदस्य - श्री सुदेशकुमार चापागाई, स्वकीय सचिव (उपप्रमुख)
१०. सदस्य - श्री भुपीन श्रेष्ठ, प्रशासन महाशाखा
११. सदस्य - श्री सेतु श्रेष्ठ, प्रशासन महाशाखा

२२. प्रदेश नं १ का प्रदेश सभाका सभामुख माननीय श्री प्रदिपकुमार भण्डारी, प्रतिनिधि सभा सदस्य माननीय श्री जयकुमार राई, प्रदेश सभा सदस्यहरु माननीय सावीत्री श्रेष्ठ, माननीय चन्द्रप्रसाद श्रेष्ठ, माननीय उमिता वराईलीसंग छलफल गरी कोरोना भाइरस (COVID 19) रोकथाम, नियन्त्रण, उपचार तथा सचेतना कार्यक्रम सम्बन्धमा समय समयमा छलफल गरी परामर्श लिईएको छ।

२३. कोरोना भाइरस (COVID 19) सम्बन्धमा आवश्यक जानकारी र सहयोग प्रदान गर्ने उद्देश्यले कोरोना भाइरस (COVID 19) हेल्पलाईनको स्थापना गरी सम्पर्क नम्बर (९८०२७९५२५२ र ९८०२७९५३४९) को व्यवस्था गरिएको छ।

२४. लकडाउनको समयमा अत्यावश्यक सेवा वाहेकका स्वास्थ्य सेवा बन्द रहेको हुँदा बिरामीले वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका विशेषज्ञ डाक्टरहरुबाट स्वास्थ्य सम्बन्धि परामर्श घरबाटै लिन सक्ने गरी हेल्पलाईनको व्यवस्था गरिएको छ।

२५. कोरोना भाइरस (COVID 19) को लक्षणको आधारमा विरामीको छिटो र सहज पहिचान गर्न सकियोस् भनि धरानका स्थानीय CODE IT, WE Dharane र PRIMERE NEPAL को सहयोगमा COVID-19 Dharan एप्सको निर्माण सबैको सहज पहूँचमा पुग्न सक्ने व्यवस्था गरी धरान उपमहानगरपालिका र वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको निगरानी रहने र संकास्पद विरामीलाई सम्पर्क गरी अनुगमन गर्ने व्यवस्थाको शुरुवात गरिएको छ।

२६. कोरोना भाइरस (COVID 19) रोकथाम, नियन्त्रण, उपचार तथा राहत वितरणको लागि दाताहरुबाट आवश्यक सहयोग समेत जुटाउने गरी धरान उपमहानगरपालिका कोरोना राहत कोष (राष्ट्रिय वाणिज्य

बैंक धरान शाखा खाता नं. २१६०००६१०७०१) को स्थापना गरी सार्वजनिक रुपमा ईच्छुक दाताहरुलाई सहयोगको लागि आह्वान तथा अपिल गरिएको छ ।

२७. कोरोना भाइरस (COVID 19) को संक्रमणलाई फैलन नदिई रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले जारी लकडाउनको समयमा अतिविपन्न, असाहय तथा दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउने विपन्न परिवारलाई राहत उपलब्ध गराउने गरी धरान ८ स्थित धरान सभागृहमा Food Bank स्थापना गरिएको । Food Bank मा राहत सामाग्री जुटाउन नगर स्तरीय राहत परिचालन समितिका सदस्यहरु पूर्व नगरप्रमुख श्री मनोजकुमार मेन्याङ्गवो र सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री गिरीधारी सापकोटा विशेष रुपमा खटिएर योगदान गरी रहनु भएको छ।

२८. COVID-19 Dharan एप्सको माध्यमबाट सबै जनप्रतिनिधिलाई छिटो सम्पर्क गर्न सक्ने, Food Bank मा प्राप्त राहत सामाग्रीको विवरण तथा उपमहानगरपालिकाले स्थापना गरेको कोरोना राहत कोषमा संकलित रकमको विवरण समेत सर्वसाधारण सबैले हेर्न र जानकारी लिन सक्ने गरी पारदर्शि व्यवस्था गरिएको ।

२९. लकडाउनको कारण अतिविपन्न तथा असाहय परिवारको लागि राहत वितरण गर्ने उद्देश्यले यस उपमहानगरपालिकाबाट त्यस्ता परिवारको लगत संकलन ढाँचा तयार गरी वडामा पठाई सकेको र सो ढाँचा बमोजिम लगत संकलन भई रहेको अवस्थामा प्रदेश सरकार र संघीय सरकारबाट समेत राहत वितरण सम्बन्धमा मापदण्ड र मार्गदर्शन प्राप्त यस उपमहानगरपालिकाले राहत वितरण मार्गदर्शन तयार गरी लागु गरीएको।

३०. धरान उपमहानगरवासीहरुको राय, सुझाव र गुनासोलाई जनप्रतिनिधिले सार्वजनिक रुपमा ग्रहण गरी त्यसको कार्यान्वयन गरी नगरवासीलाई प्रत्यक्ष सेवा पुर्याउने उद्देश्यले २०७६ चैत्र ३० देखि **"जनातासंग मेयर कार्यक्रम"** दैनिक १ वजे देखि १:३० बजे आयोजना गर्ने गरीएको छ । कार्यक्रमको प्रत्यक्ष प्रसारण स्थानीय टेलिभिजनबाट समेत प्रशारण गर्ने व्यवस्था गरिएको छ ।

३१. लकडाउनको समयमा नगरवासीहरुलाई अत्यावश्यक खाद्धान्न सामाग्रीको अभाव नहोस् र लकडाउन पूर्णपालना होस् भन्ने हेतुले स्थानीय प्रशासन, स्थानीय प्रहरी, सुनसरी उद्योग वाणिज्य संघ समेतसंग छलफल र परामर्श लिई धरानमा रहेका केही डिपार्टमेन्ट स्टोर र अनलाईन होम डेलीभरी सेवा प्रदान गर्दै आएका व्यवसायिक प्रतिष्ठानहरुलाई होम डेलीभरी सेवा प्रदान गर्ने व्यवस्था गरी सहजिकरणको व्यवस्था मिलाईएकोछ ।

३२. लकडाउनको समयमा पनि नगरवासीलाई सागसब्जिको उपलब्धतालाई सहज होस् र लक डाउन पूर्णरुपमा पालना होस् भन्ने उद्देश्यले धरान १३ मा रहेको कृषी थोक बजारमा रहेको बजार संचालक

समितिसंग समन्वय गरी धरान उपमहानगरपालिकाका उपप्रमुख श्री मञ्जु भण्डारी सुवेदीको संयोजकत्वमा आपूर्ति समिति गठन गरिएको र प्रत्येक वडामा छुट्टाछुट्टै गाडीको व्यवस्था गरी घरदैलोमा नै सागसब्जि खरिद गर्ने व्यवस्था गरीएकोछ। थोक बजारमा सब्जीको गाडी भारतबाट पनि आउने गरेको र विद्यमान परिस्थितिलाई मध्ये नजर गर्दै यस्तो व्यवस्थालाई मिति २०७७/१/३ देखि लागु हुने गरी एक हप्ताको लागि स्थगन गरीएको छ ।

३३. वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको हातालाई ब्लिचिङ पाउडर र पानी दमकलबाट छिटेर स्यानीटाईजेशन गरीएको । साथै नगरका महत्वपूर्ण चोक तथा स्थलहरुमा पनि ब्लिचिङ पाउडर र पानी दमकलबाट छिटेर स्यानीटाईजेशन गरिएको छ ।

३४. नगरमा वेवारीसे अवस्थामा चोक तथा विभिन्न स्थानमा रहेका सडक मानवहरुको व्यवस्थापनको लागि धरान ८ स्थित लांघाली सामुदायिक वनका पदाधिकारी, स्थानीय जनप्रतिनिधि तथा स्थानीय प्रशासनको समन्वयमा सामुदायिक वनमा रहेको आवाशगृह तथा कार्यक्रम सञ्चालन गर्ने हलमा आवाशको व्यवस्था गरी चिया, खाजा, खाना, ओड्नेओछ्याउने कपडा तथा लगाउने कपडा समेतको व्यवस्था गरीएको छ। हाल मिति २०७७।१।२ देखि कार्य शुरु गरिएको र उद्धार गरिएका मानव संख्या ५८ जना रहेको जसमा वालवालीका, महिला तथा पुरुष समेत रहेका छन्।यो संख्या अझै केही बढ्न सक्ने देखिन्छ।

३५. वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गराउने राखिएका विरामीका कुरुवाहरुलाई लकडाउनको कारण होटलहरु बन्द भई खानाको समस्या भएकोमा स्थानीय सहयोगीहरु मारवाडी युवा समाजले खाद्ध सामाग्री जुटाएर २०७६ चैत्र मसान्तसम्म सम्म धरान उपमहानगरपालिकासंगको समन्वयमा खाना खुवाउने कार्य गरीएको । साथै सडक मानवहरुलाई समेत सोही माध्यमबाट एकछाक खाना खुवाउने व्यवस्था गरिएको थियो।

३६. धरानको मुख्य बजार क्षेत्र भानुचोकमा रहेका सडक मानवहरुलाई एक छाक खानाको व्यवस्था होप नेपालले गरेको थियो।हाल सडक मानवको उद्धार गरिए पछि सो कार्य स्थगन भएको छ।

३७. धरान उपमहानगरपालिकाले स्थापना गरेको फुड बैंकमा हालसम्म संकलित राहत सामाग्रीको विवरण निम्नानुसार रहेको छ।

# धरान उमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

Food Bank मा प्राप्त राहत सामाग्रीको विवरण

| क्र.स. | व्यक्ति/संस्थाको नाम | ठेगाना | सामाग्रीहरु | सामाग्रीको विवरण |
|---|---|---|---|---|

| | | | को विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चामल | दाल केजी | नुन केजी | तेल (लि.) | आलु केजी | सावुन कार्टुन | न्यूटेला केजी | प्याज केजी |
| १ | श्री धरान मन्टेश्वरी एकेडेमी | धरान १ | ५० | ५० | ( | ( | ( | ( | | |
| २ | श्री धरान जेसिस | धरान ३ | १००० | ( | ( | ( | ( | ( | | |
| ३ | श्री नितेश ट्रेडिङ (श्याम अग्रवाल) | धरान ९ | ४६० | ९२ | ४६ | ४६ | ( | ( | | |
| ४ | श्री घनश्याम तिमिल्सिना | धरान १३, फुस्रे | ५० | ( | ( | ( | ( | ( | | |
| ५ | श्री धरान होलिडेज प्रा. लि. | धरान ९ | १०० | ( | ( | ( | ( | ( | | |
| ६ | श्री कायस्थ गोपाल प्रसाद प्रतिष्ठान | | १२०० | ( | ( | ( | ( | ( | | |
| ७ | श्री शिला बज्राचार्य | धरान ८ | २५० | ( | ( | ( | ( | ( | | |
| ८ | श्री के के ईन्टरनेशनल स्कुल | धरान १५ | ५०० | १०० | ५० | ५० | ( | ( | | |
| ९ | श्री उत्तम आले | धरान १४ | २०० | २५ | ( | ( | ( | ( | | |
| १० | श्री कोरोना अवारनेस ग्रुप | धरान २ | २०० | ६० | ( | ३० | १०० | ( | | |
| ११ | श्री बाबा इस्टरप्राईजेज | धरान १ | ५० | २५ | ( | | ( | ( | | |
| १२ | श्री कृषि उपज बजार सञ्चालक समिति | धरान १३ | | ( | ( | ( | १३८८ | ( | | |
| १३ | श्री गोपाल चौधरी | धरान | | २५ | ( | ( | ( | ( | | |
| १४ | श्री मोहन किरान | धरान | | २५ | ( | ( | ( | ( | | |
| १५ | श्री पिण्डेश्वर वचत तथा ऋण सहकारी संस्था | धरान | | २०० | ( | ( | ( | ( | | |
| १६ | श्री नेपाली काँग्रेस धरान | धरान | २००० | ( | ( | ( | ( | ( | | |
| १७ | श्री सुनसरी उद्योग वाणिज्य संघ | धरान | | ( | ( | ७५० | ( | ९ | | |
| १८ | श्री किरात राई यायोक्खा | धरान-१८ | ६५० | ( | ( | ( | ( | ( | | |
| १९ | श्री योगेश बाबु काफ्ले | धरान | ( | ५० | ( | ( | ( | ( | | |
| २० | श्री बिनोस सुच्चा राई | धरान | ( | ( | ( | ३५ | ( | ( | | |
| २१ | श्री श्री जि लिनेन उद्योग (मनिषा श्रेष्ठ) | धरान-१५ | ३०० | ( | ( | ( | ( | ( | | |
| २२ | श्री शारदा देवी अग्रवाल | धरान-७ | ५० | ५ | ( | ( | ( | ( | | |
| २३ | श्री समाजवादी पार्टी धरान | धरान | १००० | ( | ( | ( | ( | ( | | |
| २४ | श्री गोविन्द रोड टोल विकास संस्था | धरान-७ | ( | ( | १५० | ( | ( | ( | | |
| २५ | श्री निमाह चक्रवर्ती (स्व. जानभी चक्रचर्तीको नाममा) | धरान-१२ | ( | ( | १०० | २० | ( | ( | | |
| २६ | श्री निशु अग्रवाल | धरान-१२ | ( | ( | ( | ( | २० | | | २० |
| २७ | श्री नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | धरान | २५०० | ( | ( | ( | ( | | २० | |
| २८ | श्री सुनसरी उद्योग वाणिज्य संघ | धरान १ | | | १२५० | | | | | |
| २९ | श्री होटल व्यवसायी समिति | धरान | ५० | २५० | | | | | | |
| ३० | श्री शिक्षा सदन मा.वि. (एस एल सी २०४९ ब्याच) | धरान | १५० | ५० | | १० | | | | |
| ३१ | श्री कृषि बजार व्यवस्थापन समितिका थोक व्यपारिहरुबाट सहयोग | धरान १३ | ( | ( | ( | ( | २७७७ | ( | ( | ( |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | श्री शारा प्रतिष्ठान | धरान | ( | २५ | ( | ( | ( | ( | ( | ( |
| ३३ | श्री लोटस विद्या बिहार | धरान १३ | १००० | ( | ( | ( | ( | ( | ( | ( |
| ३४ | श्री धरान जेसिस प्रथम महिला समुह | धरान ३ | ( | ( | ( | ८० | ( | ( | ( | ( |
| ३५ | श्री लिवर्टी टेलर्रस (बब्लु खान) | धरान | ५० | | १० | | | | | |
| ३६ | श्री सिप्रदियन साहयता संस्था (ग्लोबल अटो ट्रेडर्स मार्फत) | धरान | | ८०० | | ७५० | | | | |
| ३७ | श्री नेपाल आदिवासी जनजाति महासंघ, नगर समन्वय परिषद् | धरान | ७५० | | | | | | | |
| ३८ | श्री हिसान धरान नगर समन्वय समिति | धरान | २५०० | | | | | | | |
| ३९ | श्री धराने लायन्स क्लब | धरान | १००० | | | | | | | |
| ४० | श्री राकेश अग्रवाल बाट ८०० थान प्लाष्टिक बोरा सहयोग | धरान | | | | | | | | |
| ४१ | श्री तिलक राई, नगर प्रमुख, धरान उप-महानगरपालिका रु. ९८,५००।०० | धरान | | ९८५ | | | | | | |
| ४२ | श्री सम्यक शिक्षा समुह | धरान-१२ | ५०० | | | | | | | |
| ४३ | श्री अरविन युगल श्रेष्ठ | धरान-१६ | २०० | | | | | | | |
| ४४ | श्री स्थानीय भवन निर्माण व्यवसायी संघ रु. १,००,०००।०० | धरान | | ९४३ | | | | | | |
| ४५ | श्री प्रजातान्त्रिक विचार समाज, सुनसरी शाखा रु. ४५,००५।०० | धरान | | | २२५० | | | | | |
| ४६ | श्री नेवार एकता समाज | धरान | १००० | | | | | | | |
| ४७ | श्री नेपाल प्लाष्टिक प्रा. लि. रु. ५५०००।०० | धरान -८ | | ५१८.८७ | | | | | | |
| ४८ | श्री प्रिति भल्भ एण्ड फिटिङ प्रा. लि. रु. ३००००।०० | धरान -८ | | २८३ | | | | | | |
| ४९ | श्री प्रशान्त इन्डस्ट्रिज प्रा. लि. रु. २५०००।०० | धरान -८ | | २३५।८५ | | | | | | |
| ५० | श्री सुर्य मेटलस् इन्डस्ट्रिज प्रा. लि. रु. १५०००।०० | धरान -८ | | १४१।५ | | | | | | |
| ५१ | श्री महेश पोलिट्रिक इन्डस्ट्रिज रु. १००००।०० | धरान -८ | | ९४।३४ | | | | | | |
| ५२ | श्री महावीर लघु उद्योग रु. १००००।०० | धरान -८ | | ९४।३४ | | | | | | |
| ५३ | श्री वावा शिव प्याकेजिङ रु. ५०००।०० | धरान -८ | | ४७।१७ | | | | | | |
| ५४ | श्री मैनावती स्टिल इन्डस्ट्रिज प्रा. लि. (मनोहर अग्रवाल) रु. ५३०००।०० | धरान-१२ | | ५०० | | | | | | |
| ५५ | श्री डा. तपन कुमार तरफदार रु. | धरान -२ | | १०३।५ | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ११००० । ०० | | | | | | | | | |
| ५६ | श्री | शोभा लिम्बु राई रु. २५००० । ०० | धरान -८ | | | | १६८.९ | | | | |
| ५७ | श्री | स्व. ईन्द्र बहादुर श्रेष्ठको नाममा सहयोग | धरान -७ | २५ | | | | | | | |
| ५८ | श्री | सुनसरी उद्योग वाणिज्य संघ (केहि वस्तुगत संघ समेत) | धरान | ५००० | | | | | | | |
| ५९ | श्री | कानुन व्यवसायी क्लब | धरान १३ | १६०० | | ६२ | | | | | |
| ६० | श्री | राष्ट्रिय जनमुक्ति पार्टी (मार्फतः चित्र मगर हाङ्ग, अध्यक्ष) | धरान | ५५० | | | | | | | |
| ६१ | श्री | प्रभु बैंक लिमिटेड, धरान शाखा | धरान | ७०० | | | | | | | |
| ६२ | श्री | हिसप मण्डली (रु. ३०००० । ००) | धरान | | | | २०२।७०२ | | | | |
| ६३ | श्री | पमा बुहारी खल (रु. १०१०५ । ००) | धरान | | | | ६८।२७ | | | | |
| ६४ | श्री | स्व. नानुराम शोनी तथा स्व. राधादेवी शोनीको स्मृतीमा (रु. ५१८०० । ००) | धरान | | | | ३५० | | | | |
| ६५ | श्री | नन्द गणेश बसन्त कुमार कर्माचार्य प्रतिष्ठान (रु. २५९०० । ००) | धरान | | | | १७५ | | | | |
| ६६ | श्री | यु बेरी रेष्टुरेन्ट (रु. २५९०० । ००) | धरान | | | | १७५ | | | | |
| ६७ | श्री | ओम शिव शक्ति कल्याणी केन्द्र बाल गोपाल धाम | धरान | ६०० | | ४०० | | | | | |
| ६८ | श्री | पब्लिक हाई स्कुल धरान १२ परिवार (रु. ५०३२० । ००ण | धरान-१२ | | | | ३४० | | | | |
| ६९ | श्री | नेपाल विद्यार्थी कर्मचारी युनियन धरान नगर समिति (रु. ५१८० । ००) | धरान | | | | ३५ | | | | |
| ७० | श्री | राधेश्याम महिला जागरण समुह | धरान | १०० | | | | | | | |
| ७१ | श्री | राम्जी शाहा (सिंहदेवी किराना पसल) | धरान-१ | | | ५० | | | | १० | |
| ७२ | श्री | सरिता ताम्राकार | धरान-१ | | | ५० | | | | ५ | |
| ७३ | श्री | कौडिन्य गोत्रिय आचार्य महिला समाज | धरान | १०० | | | | | | | |
| ७४ | श्री | तिलक बहादुर खड्का | धरान-१३ | १०० | | | | | | | |
| ७५ | श्री | ब्रम्हकुमारी राजयोग सेवा केन्द्र | धरान-१ | २०० | १६ | १७ | २५ | | ०।१७ | | |
| ७६ | श्री | होटल एसोसिएसन अफ धरान (रु. ६५००५ । ००ण | धरान | | | | ४३९।२२३ | | | | |
| | **जम्मा सहयोग प्राप्त** | | | **२६७३५** | **५७४५** | **४४३५** | **३७५०** | **४२८५** | **९** | **३५** | **२०** |

३८. धरान उपमहानगरपालिकाले स्थापना गरेको कोरोना रोकथाम, नियन्त्रण, उपचार तथा राहत कोषमा दाताहरुबाट प्रदान गरेको हालसम्मको सहयोग रकमको विवरण निम्नानुसार रहेको छ।

धरान उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कोरोना राहत कोषमा रकम दान गर्ने दाताहरुको विवरण

| क्र.सं. | मिति | दाताको नाम | ठेगाना | सहयोगको विवरण | रसिद नं. | रकम |
|---|---|---|---|---|---|---|
| 1 | 2076/12/11 | श्री श्यामकुमार सोनी | धरान-3 | चेक | 1 | 100000.00 |
| 2 | 2076/12/19 | श्री डा. हरि शर्मा | धरान-10 | नगद | 2 | 15000.00 |
| 3 | 2076/12/20 | श्री मदनमान अमात्य | धरान-1 | चेक | 3 | 10100.00 |
| 4 | 2076/12/20 | श्री शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | धरान-1 | चेक | 4 | 25000.00 |
| 5 | 2076/12/20 | श्री घण्टाघर व्यवस्थापन समिति | धरान-2 | चेक | 5 | 300000.00 |
| | | | | | | |
| 6 | 2076/12/21 | श्री सियोन स्कूल | धरान-16 | चेक | 6 | 30000.00 |
| 7 | 2076/12/21 | श्री विश्वकर्मा कल्याण सेवा समिति | धरान-3 | नगद | 7 | 25000.00 |
| 8 | 2076/12/21 | श्री ताप्लेजुङ-सुनसरी सरोकार समाज | धरान-8 | चेक | 8 | 50000.00 |
| 9 | 2076/12/21 | श्री जगन्नाथ+प्रज्ञा कट्टेल | धरान-16 | नगद | 9 | 2000.00 |
| 10 | 2076/12/21 | श्री धरान ईशाई समाज | धरान-9 | नगद | 10 | 25000.00 |
| 11 | 2076/12/21 | श्री धरान ईशाई पास्टर अगुवा समाज | धरान-9 | नगद | 11 | 10000.00 |
| 12 | 2076/12/21 | श्री धरान उपमहानगरपालिकाका सबै जनप्रतिनिधिहरु | धरान | नगद | 12 | 757000.00 |
| | | | | | | |
| 13 | 2076/12/22 | श्री नास्ट कलेज | धरान-16 | नगद | 13 | 35000.00 |
| | | | | | | |
| 14 | 2076/12/24 | श्री लक्ष्मी हाडा | धरान-12 | नगद | 14 | 25000.00 |
| 15 | 2076/12/24 | श्री भागवतप्रसाद श्रेष्ठ स्मृति धर्मशाला | धरान-18 | नगद | 15 | 25000.00 |
| 16 | 2076/12/24 | श्री नेपाल बौद्ध गुम्बा गुरुङ सेवा समिति तथा गुरुङ आमा समूह | धरान-18 | नगद | 254 | 25000.00 |
| 17 | 2076/12/24 | श्री तमुह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद सुनसरी | धरान | नगद | 255 | 25000.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 18 | 2076/12/24 | श्री | एन प्याब्सन धरान | धरान | नगद | 256 | 100000.00 |
| 19 | 2076/12/24 | श्री | कृष्ण प्रणामी मन्दिर | धरान-13 | नगद | 17 | 21111.00 |
| | | | | | | | |
| 20 | 2076/12/25 | श्री | PABSON धरान | धरान | नगद/चेक | 18 | 105000.00 |
| 21 | 2076/12/25 | श्री | सुनिलगोविन्द श्रेष्ठ+ शुभलता श्रेष्ठ | धरान-2 | नगद | 19 | 10125.00 |
| 22 | 2076/12/25 | श्री | राधाकृष्ण प्रणामी मन्दिर | धरान 8 | नगद | 52 | 35700.00 |
| 23 | 2076/12/25 | श्री | उमेश थापा | धरान 15 | चेक | 53 | 10000.00 |
| 24 | 2076/12/25 | श्री | अग्रसेन स्मृति भवन | धरान+12 | चेक | 51 | 41000.00 |
| | | | | | | | |
| 25 | 2076/12/26 | श्री | रेखा राई | धरान 17 | नगद | 20 | 8000.00 |
| 26 | 2076/12/26 | श्री | शत्रुधन उदास | धरान-3 | बैंक | 21 | 21000.00 |
| 27 | 2076/12/26 | श्री | तुलसि प्रसाद वस्ती (सिईओ मितेरी विकास बैङ्क लि.) | धरान-12 | चेक | 22 | 125000.00 |
| 28 | 2076/12/26 | श्री | नेपाल उद्यमशील महिला संघ | सुनसरी | नगद | 54 | 10010.00 |
| | | | | | | | |
| 29 | 2076/12/27 | श्री | श्याम गोविन्द रेवा श्रेष्ठ | धरान-7 | नगद | 55 | 5000.00 |
| | | | | | | | |
| 30 | 2076/12/28 | श्री | धनन्जय प्रसाद आचार्य | धरान १ | | | 201000.00 |
| | | | | | | | |
| 31 | 2076/12/29 | श्री | किरात राई यायोक्खा जिल्ला कार्यसमिति, सुनसरी | धरान | नगद | 57 | 50000.00 |
| | | | | | | | |
| 32 | 2076/12/30 | श्री | भानु सब्जी तथा फलफुल | धरान | चेक | 58 | 11111.00 |
| | | | | | | | |
| ३३ | 2077/01/01 | श्री | बराहा ग्रुप प्रा. लि. | धरान | | | 760000.00 |
| | | | | | | | |
| ३४ | 2077/01/02 | श्री | सहरा नेपाल वचत तथा ऋण सहकारी संस्था लिमिटेड | बिर्तामोड, झापा | चेक | 59 | 50000.00 |
| | | | **जम्मा** | | | | **4855193.00** |

३९. धरान उपमहानगरपालिकाले २० वटै वडामा हालसम्म वितरण गरेको राहत प्याकेजको विवरण निम्नानुसार रहेको छ ।

# धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

Food Bank मा संकलित राहात प्याकेज वितरणको विवरण

| वडा | पहिलो लट | दोश्रो लट | जम्मा |
|---|---|---|---|
| १ | ० | १२० | १२० |
| २ | ५० | १०० | १५० |
| ३ | ० | २५० | २५० |
| ४ | १७० | १७५ | ३४५ |
| ५ | ३०० | ४०० | ७०० |
| ६ | २५० | ५०० | ७५० |
| ७ | ० | २४४ | २४४ |
| ८ | ३०० | ७७० | १०७० |
| ९ | ८० | १०० | १८० |
| १० | ० | १०० | १०० |
| ११ | ३५० | ० | ३५० |
| १२ | ० | १०० | १०० |
| १३ | १५० | २४० | ३९० |
| १४ | ० | २७५ | २७५ |
| १५ | ७५० | ५२५ | १२७५ |
| १६ | ४५० | ४०० | ८५० |
| १७ | ३०० | ३०० | ६०० |
| १८ | ० | २२३ | २२३ |
| १९ | १५० | १५० | ३०० |
| २० | १०१ | ९५ | १९६ |
| **Total** | **३४०१** | **५०६७** | **८४६८** |

**पहिलो चरणमा वितरण गरिएको जम्मा राहत सामाग्रीको विवरण**

| जम्मा प्याकेज | 10 kg प्याकेज | 15 kg प्याकेज | सामाग्रीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चामल KG | दाल KG | नुन KG | तेल (लि.) | आलु KG | सावुन वटा | न्यूटेला KG |
| ८४६८ | ७९०४ | ५६४ | ८७५०० | ६२१३ | ८४६८ | ८४६८ | ३३४७२ | ८४६८ | २२५५ |

४०. धरान उपमहानगरपालिकाले सबै वडाहरुमा वितरण गरेको राहत तथा वडा कार्यालयहरु आफैंले स्थानीय श्रोत साधनसमेत परिचालन गरी व्यवस्थापन गरेको राहत सामाग्री तोकिएको मापदण्ड बमोजिम वितरण गरे नगरेको, विद्यमान अवस्थाको आंकलन गर्ने गरी नगर स्तरीय राहत परिचालन समितिले एक वडा अनुगमन समिति गठन गरी आवश्यक सूचना संकलन गरेको थियो । तपसिल बमोजम गठित वडा अनुगमन समितिले २०७६ चैत्र २७, २८ र २९ गते प्रत्यक्ष रुपमा वडाहरुको अनुगमन गर्नु भई प्रतिवेदन समेत पेश गर्नु भएको छ। प्रतिवेदन अनुसार अधिकांश वडाहरुले आफुले जुटाएको राहत सामाग्री र नगरले उपलब्ध गराएको राहत सामाग्री लक्षित वर्गले प्राप्त गर्ने गरी सवैसंग समन्वय गरी वितरण गरेको पाईयो । केही वडाहरुमा आवश्यकता भन्दा निकै कम राहत सामाग्रीको व्यवस्था भएको हुँदा वितरणमा समस्या भोगेको प्रतिवेदनमा उल्लेख गरिएको छ । अनुगमन समितिको प्रतिवेदन अनुसार दोश्रो चरणमा वीस हजार प्याकेजको व्यवस्थापन गर्न समते सुझाव दिएको छ ।अनुगमन गरेको मितिसम्म प्राप्त सूचना अनुसारको विवरण -

| वडा नं. | पहिलो चरणको माग | न.पा.बाट प्राप्त | वडा व्यवस्थापन | जम्मा | थप राहत वितरण गर्नु पर्ने सँख्या | दोश्रो चरणमा थप उपलब्ध गराउनु पर्ने संख्या |
|---|---|---|---|---|---|---|
| १ | १२८ | १२० | १४० | २६० | ६५ | ३२५ |
| २ | १६८ | १५० | ० | १५० | ३५ | १८५ |
| ३ | २६८ | २५० | २५५ | ५०५ | १७० | ६७५ |
| ४ | ३४५ | ३४५ | ० | ३४५ | ३५५ | ७०० |
| ५ | ७१६ | ७०० | ४६ | ७४६ | ७५४ | १५०० |
| ६ | ७२३ | ७५० | १४२ | ८९२ | १३६ | ७५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | २४४ | २४४ | ८० | ३२४ | १ | ३२५ |
| ८ | १०७८ | ३०० | ४७८ | ७७८ | ६२२ | १४०० |
| ९ | १९५ | १८० | १३२ | ३१२ | ३०३ | ६१५ |
| १० | १०० | १०० | २८१ | ३८१ | २९ | ४१० |
| ११ | ४३३ | ३५० | १७८ | ५२८ | ५७२ | ११०० |
| १२ | १०० | १०० | २१३ | ३१३ | ८७ | ४०० |
| १३ | ४०८ | ३९० | ५४३ | ९३३ | २०२ | १००० |
| १४ | २८५ | २७५ | ७४ | ३४९ | २०१ | ५५० |
| १५ | १२९५ | १२७५ | ४३३ | १७०८ | ९९२ | २७०० |
| १६ | ९३९ | ८५० | ३०९ | ११५९ | ३०१ | १४६० |
| १७ | १५०० | ६०० | ५२२ | ११२२ | ७८ | १२०० |
| १८ | २२३ | २२३ | १७६ | ३९९ | ११ | ४०० |
| १९ | २९८ | ३०० | ० | ३०० | २१० | ५१० |
| २० | १९७ | १९६ | १९६ | ३९२ | २०४ | ४०० |
| **जम्मा** | **९६४३** | **७६९८** | **४१९८** | **११८९६** | **५३२८** | **१६६०५** |

४१. नगरपालिकाले उपलब्ध श्रोत र साधनबाट पहिलो चरणमा राहत सामाग्री दाताबाट जुटाउन नसकेको कारण खरिद गरेको मध्ये रु ३९ लाख ९३ हजार २ सय ३० भुक्नाती गरिएको र २९ लाख ९७ हजार ९ सय ५३ भुक्तानी दिन बांकी रहेको छ ।साथै दोश्रो चरणको राहत सामाग्रीको लागि प्रति राहत प्याकेज रु १५०० को दरले रु तीन करोड बजेटको आवश्यकता रहेको छ।

४२. स्वास्थ्य सामाग्रीको निर्माण, स्वास्थ्य सामाग्रीको खरिद तथा स्वास्थ्यकर्मीको परिचालनको लागि खर्च व्यवस्थापन जटील समस्याको रुपमा रहेको छ।

४३. सडक मानवको आवाश, खाना र स्वास्थ्य तथा अन्य व्यवस्थापनको लागि खर्च व्यवस्थापनमा समस्या रहेको छ।

४४. एम्बुलेन्सको व्यवस्थापन, सुरक्षाकर्मी परिचालन र सवारी साधनको व्यवस्थापन, राहत सामाग्री संकलन, ढुवानी, व्यवस्थापन लगायतको लागि पनी खर्च व्यवस्थापन गर्नु पर्ने आवश्यकता रहेको छ ।

अन्त्यमा,

धरान उपमहानगरपालिकाले विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरस COVID 19 को रोकथाम, नियन्त्रण तथा उपचारको लागि शुरुका दिन देखिनै तदारुकताको साथ लागेको र हालसम्म पनि निरन्तर कार्य गरी रहेको छ । तर सिमित श्रोत साधनको कारण अगाडी सारिएका लकडाउन व्यवस्थापनका कार्य, राहत वितरणको कार्य, क्वारेन्टिन व्यवस्थापनको कार्य, स्वास्थ्य कर्मी परिचालनको कार्य, स्वास्थ्य सामाग्री व्यवस्थापनको कार्यको लागि बजेट अभाव रहेको छ ।

धरान उपमहानगरपालिकाले कोरोना भाइरस COVID 19 रोकथाम, नियन्त्रण, उपचार तथा राहत तरण सम्बन्धमा हालसम्म गरेको कार्यको प्रगति प्रदेश नं १ का माननीय मुख्यमन्त्रीज्यूलाई जानकारी गराउने उद्देश्यले यो प्रतिवेदन तयार गरीएको छ ।

हालसम्म सम्पादित कार्यहरुलाई निरन्तरता दिन यस उपमहानगरपालिकासंग पर्याप्त बजेटको अभाव रहेको हुँदा सो को लागि प्रदेश सरकारबाट आवश्यक वजेट उपलब्ध हुने अपेक्षा राखिएको छ । साथै संघीय सरकारबाट उपलब्ध गराउने श्रोतसाधन समते आवश्यकताको आधारमा उलब्ध गराउन समेत माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सरकार मार्फत समेत विशेष भुमिका हुने अपेक्षाका साथ यो प्रतिवेदन पेश गरेको छु ।

..............................................................

तिलक राई

नगर प्रमुख, धरान उमपहानगरपालिका